# संघीय संसद
## प्रतिनिधि सभा
## विकास तथा प्रविधि समिति
### बैठक संख्या : १४९

मितिः २०७९/०५/२६

छलफल एवं निर्णय :

समितिको आज बसेको बैठकमा सम्माननीय प्रधानमन्त्री तथा रक्षा मन्त्री स्तरबाट रक्षा मन्त्रालयका योजना तथा अन्तरराष्ट्रिय समन्वय महाशाखा प्रमुख (सहसचिव श्री बाबुराम अधिकारी) को संयोजकत्वमा गठीत छानबिन समितिबाट काठमाडौ-तराई/मधेश द्रुत मार्ग आयोजनाका सम्बन्धमा छानबिन भई प्राप्त भएको प्रतिवेदन, नेपाल मिडिया काउन्सिल सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक तथा रेल पूर्वाधार आयोजना अन्तरगत जनकपुर-जयनगर र जनकपुर-कुर्था-बर्दिवास-निजगढ खण्डको स्थलगत अवलोकन भ्रमणको मस्यौदा प्रतिवेदन लगायतका विविध विषय माथि छलफल भई देहाय बमोजिमको निर्णय गरियो ।

१ समितिको मिति २०७८/१२/१३ गतेको निर्देशन बमोजिम गठन भएको छानबिन समितिको प्रतिवेदनले समेत प्याकेज नं. ४ र ५ को ठेक्का सम्झौता सार्वजनिक खरिद ऐनको दफा २७(३) बमोजिम नभएको पुष्टि गरिसकेको साथै समितिबाट पनि आयोजनाका ठेक्का प्रकृया लगायत निर्माणका कार्यहरु कानुन बमोजिम सम्पन्न गर्न समितिको यसअघि बसेका बैठकहरुबाट निर्देशन गरिसकेको सन्दर्भमा कानुन विपरित ठेक्का व्यवस्थापनको कार्यमा संलग्न जिम्मेवार पदाधिकारीहरुलाई कानुन बमोजिम कारबाहीको प्रक्रिया अगाडि बढाउन र आयोजना निर्माणको चरणमै बनिसकेका कतिपय संरचनाहरुको गुणस्तरमा प्रश्न उठेका कारण मर्मत गर्नुपर्ने अवस्थामा पुगेको पाइएकोले सम्बन्धित निकायहरुलाई सचेत गराउन र आगामी दिनमा यस प्रकृतिका कमि कमजोरीहरु नदोहोरिने गरी निर्माण कार्यको गुणस्तरमा पर्याप्त ध्यान पुन्याउन समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र रक्षा मन्त्रालयलाई निर्देश गर्दछ ।

२ राष्ट्रिय सभामा उत्पत्ति भएको नेपाल मिडिया काउन्सिल सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक प्रतिनिधि सभाको २०७९ भदौ २२ गते बसेको बैठकले दफावार छलफलका लागि यस समितिमा पठाएको विधेयक, विधायन व्यवस्थापन समितिको प्रतिवेदन र विधेयक माथि परेका स्वीकृत संशोधनहरु सहितको विवरण अध्ययनका लागि पेश गरियो।

३ रेल पूर्वाधार आयोजना अन्तरगत जनकपुर-जयनगर र जनकपुर-कुर्था-बर्दिवास-निजगढ खण्डको स्थलगत अवलोकन भ्रमणको मस्यौदा प्रतिवेदन माथि छलफल भई प्राप्त भएका सुझावहरु सहित पारित गर्ने र पारित प्रतिवेदन कार्यान्वयनका लागि सम्बद्ध जिम्मेवार निकायहरुलाई पठाउने निर्णय भयो।

४ समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

| | |
|---|---|
| ............................ | ............................ |
| (ओमबहादुर कार्की) | (कल्याणी कुमारी खड्का) |
| समिति सचिव | सभापति |